सुरक्षित भविष्यका लागि सञ्चय कोष

# सञ्चय कोष e-Newsletter

वर्ष २ । अंक ६ । २०७१ कातिक, मंसिर र पौष

# कोषको मुनाफा १ अर्ब ७० करोड

कर्मचारी सञ्चय कोषको स्विकृत लेखा परिक्षण अनुसार कोषले आर्थिक वर्ष २०७०/७१ सम्म १ अर्ब ७० करोड १३ लाख १२ हजार ५ सय २८ रुपैयाँ खुद नाफा गरेको छ। गत वर्ष कोषको नाफा १ अर्ब ३६ करोड ४३ लाख २१ हजार २ सय ४६ रुपैयाँ रहेको थियो। यस अवधीमा कोषले ऋण तथा लगानीबाट १४ अर्ब ९ करोड ४८ लाख २१ हजार ३ सय १५ रुपैयाँ आम्दानी र ११ अर्ब ५१ करोड ९३ लाख १६ हजार ७ सय ४ रुपैयाँ व्याज खर्च गरी कुल मुनाफा २ अर्ब ५७ करोड ५५ लाख ४ हजार ६ सय ११ रुपैयाँ आर्जन गरेको हो। गत वर्ष सोही अवधीमा ऋण तथा लगानीबाट ११ अर्ब ३९ करोड ७५ लाख ५७ हजार ८ सय ५५ आम्दानी र ९ अर्ब ४४ करोड ९३ लाख १२ हजार ३ सय ३ रुपैयाँ व्याज खर्च गरी कुल मुनाफा १ अर्ब ९४ करोड ८२ लाख ४५ हजार ५ सय ५२ रुपैयाँ आर्जन गरेको थियो।

कोषले समिक्षा अवधीमा कर्जा तथा लगानी जोखिम व्यवस्था अघिको मुनाफा बापत १ अर्ब ९२ करोड १९ लाख ३८ हजार २ सय ५० रुपैयाँ आर्जन गरेको छ भने गत वर्ष सोही शिर्षकमा १ अर्ब ४४ करोड ८७ लाख २२ हजार ६ सय २ रुपैयाँ आर्जन गरेको थियो। त्यस्तै कर्जा तथा लगानी जोखिम पछिको मुनाफा बापत १ अर्ब ६७ करोड २९ लाख ४६ हजार ७ सय ५७ आर्जन गरेको छ भने गत वर्ष सोही शिर्षकमा १ अर्ब ३४करोड ५ लाख ७१हजार ४२ रुपैयाँ आर्जन गरेको थियो।

समिक्षा वर्षमा कोषको अपलेखित कर्जाको आम्दानी/खर्च समा-योजन अघिको मुनाफा १ अर्ब ६७ करोड ६४ लाख २८ हजार १ सय ८५ रुपैयाँ रहेको छ भने गत वर्ष सोही शिर्षकमा १ अर्ब ३५ करोड ७० लाख ७५ हजार १ सय ८२ रुपैयाँ मुनाफा रहेको थियो। यस वर्षको मुनाफाको करीब ९६ प्रतिशत मुनाफा रकम सञ्चयकताहरुको हितसँग सम्बन्धित कोषमा बाँडफाँड गरिएको छ। गत वर्ष यो मुनाफाको करीब ९५ प्रतिशत रहेको थियो।

*सम्बन्धित विवरण पृष्ठ २ को तालिकामा प्रस्तुत गरिएको छ।* »

## कोष अध्यक्षमा शर्माको नियुक्ति



नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१।०८।२५ को निर्णयअनुसार अर्थमन्त्रालयका सचिव श्री सुमनप्रसाद शर्मालाई कर्मचारी सञ्चय कोषको अध्यक्ष पदमा नियुक्त गरिएको छ। कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ उपदफा(२)(क) र उपदफा(४) बमोजिम निजलाई कोषको सञ्चालक समितिमा नियुक्त गरिएको हो।

... बाँकी पृष्ठ ३ मा »

### माथिल्लो तामाकोशीको शेयर आव्हान

## सञ्चयकर्ताहरुका लागि सेयर आवेदन खुला

कर्मचारी सञ्चय कोष मूख्य ऋण लगानीकर्ता रहेको अपर (माथिल्लो) तामाकोशी जल विद्युत आयोजनाको साधारण सेयर कोषका सञ्चयकर्ताहरुका लागि आह्वान पत्र जारी भइसकेको छ। आह्वान पत्रमा सम्झौता पत्रमा उल्लेख भए बमोजिम ऋण सम्झौता हुँदाका बखत अर्थात मिति २०६७।०४।१४ सम्म कर्मचारी सञ्चय कोषमा रकम जम्मा रहेका सञ्चयकर्ताहरु यस सेयर वितरण कार्यक्रममा सहभागी हुनसक्ने छन्।

सेयर निष्काशन खुला मिति २०७१ फागुन ११ गते देखि निष्काशन बन्द हुने मिति छिटो-मा २०७१ फागुन २५ र ढीलोमा २०७१ चैत्र १५ गतेसम्म बैकिंग समयभित्र तोकिएको छ।

.. बाँकी पृष्ठ ४ मा »

## भित्री पृष्ठमा ▸▸


- आ.व. २०७०/७१ को आय, वासलात एवं मुनाफाबाट सिर्जित जगेडा तथा कोषको अन्य स्थिति सम्बन्धी विवरण।
- कोष सञ्चालकमा अधिकारी र प्रधान नियुक्त
- पोखरा, बिराटनगर, हेटौडा, बुटवल र धनगढीमा शैक्षिक सापटी विस्तार
- सञ्चयकर्तालाई मुनाफा वितरण
- औद्योगिक मजदुरलाई कोषमा आवद्ध हुन आग्रह
- सञ्चयकर्ता सन्तुष्टि अन्तर्वार्ता
- सञ्चयकर्ता शैक्षिक सापटीबारे जानकारी

## (क) वासलात (२०७१ आषाढ मसान्त)

| विवरण | अनुसूची | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| १. कोषको स्रोत | | | |
| १.१ सञ्चय कोष | १ | १६३५४८५७५२४६ | १४०७०९८६१२३३ |
| १.२ मुनाफाबाट सिर्जना गरिएको जगेडा तथा अन्य कोष | २ | ४२०२८८६२९७ | ३४७७९९८११७ |
| १.३ पुँजीगत जगेडा कोष | ३ | | |
| १.४ दायित्वहरु | ४ | ७३३२७१३३४ | ५९१९९०७५६ |
| १.५ व्यवस्थाहरु | ५ | १२०५६५२१५२ | ९२३५०५२५९ |
| जम्मा | | १६९६९०३८५०२९ | १४५७०३३५५३६५ |
| २. कोषको उपयोग | | | |
| २.१ नगद तथा बैंक मौज्दात | ६ | ७३८०८०१५३९ | ३८९०१५८७०० |
| २.२ राष्ट्रिय बचतपत्र तथा ऋणपत्रमा लगानी | ७ | १४१३०१०४७२३ | १३७०३६७९६५७ |
| २.३ मुद्दती निक्षेपमा लगानी | ८ | २६६६0000000 | २७८00000000 |
| २.४ डिवेन्चरमा लगानी | ९ | | |
| २.५ सेयरमा लगानी | १० | २२२०५३०४७१ | २१७३५८७५८१ |
| २.६ परियोजना कर्जा | ११ | २४८६२२८२२४५ | १५५६३६६७२४९ |
| २.७ सञ्चयकर्ता सापटी | १२ | ९१५७६२९९५८० | ७९७६५६७७९०५ |
| २.८ आवास परियोजनामा लगानी | १३ | | ४१८२२६ |
| २.९ स्थिर सम्पत्तिमा लगानी | १४ | ८२०७१४५८५ | ३५६०१८०४९ |
| २.१० स्थिर सम्पत्ति | १५ | ३२८८५७८०१ | ४८०९८४०१५ |
| २.११ निर्माणाधीन सम्पत्ति | १६ | २१६८३५३ | ३५४८१८७६९ |
| २.१२ विविध सम्पत्ति | १७ | १७०८६२५४६२ | १६१४१४५२१४ |
| जम्मा | | १६९६९०३८५०२९ | १४५७०३३५५३६५ |


## (ख) आय विवरण (२०७०/७१)

| विवरण | अनुसूची | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| १) ऋण तथा लगानीबाट आम्दानी | १८ | १४०९४८२१३१५ | ११३९७५५७८५५ |
| २) व्याज खर्च | १९ | ११५१९३१६७०४ | ९४४९३१२३०३ |
| ३) कुल मुनाफा (१-२) | - | २५७५५०४६११ | १९४८२४५५५२ |
| ४) विविध आम्दानी | २० | २३७०७४६९१ | १६४१११६५३ |
| ५) व्यवस्थापन खर्च | | ८९०६४१०५२ | ६६३६३४६०३ |
| क) कर्मचारी खर्च | २१ | ७३३६२९३५० | ५३८३०११९५ |
| ख) सञ्चालन खर्च | २२ | ९९५४०७६३ | ८३३८५२५२ |
| ग) ह्रास खर्च | | ५४९७३६७१ | ३९८८३६७७ |
| घ) वित्तिय खर्च | | २४९७२६८ | २०६४४७९ |
| ६) कर्जा तथा लगानी जोखिम व्यवस्था अघिको मुनाफा (३+४-५) | | १९२१९३८२५० | १४४८७२२६०२ |
| ७) कर्जा तथा लगानी जोखिम व्यवस्था | २३ | २४८९९१४९३ | १०८१५१५६० |
| ८) कर्जा तथा लगानी जोखिम व्यवस्था पछिको मुनाफा (६-७) | | १६७२९४६७५७ | १३४०५७१०४२ |
| ९) विगत वर्षको आम्दानी/खर्च | | ३४८१४२८ | १६५०४१४० |
| १०) अपलेखित कर्जाको आम्दानी खर्च समायोजन अघिको मुनाफा (८+९) | | १६७६४२८१८५ | १३५७०७५१८२ |
| ११) अपलेखित कर्जाको खुद खर्च (आम्दानी) | २४ | (२४८८४३४३) | (७२४६०६४) |
| १२) खुद मुनाफा (नोक्सान) | | १७०१३१२५२८ | १३६४३२१२४६ |

## (ग) मुनाफाबाट सिर्जना गरिएको जगेडा तथा अन्य कोषको स्थिति

| विवरण | शुरु मौज्दात रु | | खर्च रु. | | मुनाफा बांडफाड रु. | | अन्तिम मौज्दात | |
|---|---|---|---|---|---|---|---|---|
| | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको |
| साधारण जगेडा कोष | १०२२८८०४३१ | ९५४६५९१८५ | | | ८५२१२५२८ | ६८२२१२४६ | ११०८०९२९५९ | १०२२८८०४३१ |
| सञ्चयकर्ता कल्याणकारी कोष | १२४१२७२१५८ | १००५६२२२८३०० | ८५९०२८५ | ३७२५०१२५०० | ३४०२00000 | २७२९00000 | १५७२८८१८७३ | १२४१२७२१५८ |
| कर्मचारी कल्याणकारी कोष | १५७४३७४८६ | १४७६७२८४९ | ५७०३६३७८ | ५८४३५३६३ | ६७५00000 | ६८२00000 | १६७९०११०८ | १५७४३७४८६ |
| मुनाफा बाँडफाँड कोष | १०५६४०८०४२ | ८६३३८१५५९ | ९१०७९७६८५ | ७६१९७३५१७ | १२०८४00000 | ९५५000000 | १३५४०४१०३५७ | १०५६४०८०४२ |
| जम्मा | ३४७७९९८११७ | २९७१३३५८७६ | ९७६४२४३४८ | ८५७६५९००५ | १७०१३१२५२८ | १३६४३२१२४६ | ४२०२८८६२९७ | ३४७७९९८११७ |

# कोष अध्यक्षमा सुमनप्रसाद शर्माको नियुक्ति



अध्यक्ष सुमनप्रसाद शर्मा

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१।०८।२५ को निर्णयअनुसार अर्थमन्त्रालयका सचिव श्री सुमनप्रसाद शर्मालाई कर्मचारी सञ्चय कोषको अध्यक्ष पदमा नियुक्त गरिएको छ ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा २(क) र उपदफा (४) बमोजिम शर्मालाई कोषको सञ्चालक समितिमा नियुक्त गरिएको हो ।

सन् १९५९ मार्च २२ मा काठमाडौंमा जन्मिनु भएका शर्माले एशियन ईन्स्टिच्युट अफ टेक्नोलोजी, बैंककबाट ईन्भायरोन्मेन्ट टेक्नोलोजी एन्ड मेनेजमेन्टमा मास्टर डिग्री प्राप्त गर्नु भएको छ ।

सन्२०१४मा अर्थ मन्त्रालयको सचिव मा नियुक्त शर्मा यसअघि सूचना तथा सञ्चार मन्त्रालयमा सचिव पदमा कार्यरत हुनुहुन्थ्यो ।

नेपाल टेलिकम, रेडियो नेपाल र नागरिक लगानी कोषको अध्यक्षता समेत सम्हाली सक्नु भएका शर्मासँग फिनान्सियल कम्पट्रोलर जनरल, पश्चिमाञ्चल विकास क्षेत्रको प्रशासक, खानेपानी तथा ढल विकास विभागको महानिर्देशक लगायत भौतिक विकास मन्त्रालयको सहसचिव पदको कार्य अनुभव रहेको छ ।


सन् १९८४ देखि खानेपानी तथा ढल निकास विभागबाट ईन्जिनियर पदमा सरकारी सेवामा प्रवेश गर्नु भएका शर्माले हाल काठमाडौं उपत्यका खानेपानी आपूर्ति विकास बोर्ड (निर्वाचित अध्यक्ष), वाटर फर एशियन सिटिज प्रोग्राम इन नेपाल (फोकल पर्सन), रुरल वाटर सप्लाई एन्ड सेनिटेसन फन्ड डिभलपमेन्ट बोर्ड(सञ्चालक), नेशनल ड्रिंकिङ वाटर क्वालिटि स्टैन्डर्ड मोनिटरिङ कमिटि (कोअर्डिनेटर) र हाई पावर्ड कमिटि फर ईन्टिग्रेटेड डिभलपमेन्ट अफ बागमती सिविलाइजेशन (सदस्य) पदमा रही सेवा प्रदान गर्दै आउनु भएको छ ।

# अधिकारी र प्रधान कोष सञ्चालकमा नियुक्त

नेपाल सरकार मन्त्रीस्तरको मिति २०७१।०८।१४ को निर्णयअनुसार नेपाली सेनाका महासेनानी श्री प्रेमध्वज अधिकारीलाई कर्मचारी सञ्चय कोषको सञ्चालक पदमा नियुक्त गरिएको छ । कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४(२)(ख) बमोजिम निजलाई २०७३।६।१० सम्मको लागि कोषको सञ्चालक समितिमा नियुक्त गरिएको हो ।



प्रेमध्वज अधिकारी



प्रकाश सिंह प्रधान

१९८९ देखि नेपाली सेनाको सेवा मा सेकेन्ड लेफ्टिनेन्टबाट प्रवेश गर्नुभएका अधिकारी ले यस अवधीमा नेपाली सेनाको महत्वपूर्ण जिम्मेवारी हरुलाई पुरा गर्दै विदेशमा समेत आफ्नो कार्य दक्षताको परिचय दिँदै आउनु भएको छ ।

सन् १९६८ अगस्ट १९ मा तनहुँमा जन्मिएका अधिकारीले त्रिभुवन विश्व विद्यालयबाट राजनीति शास्त्रमा मास्टर डिग्री प्राप्त गर्नु भएको छ । सन् २०१३ मा नेपाली सेनाको महासेनानी पदमा नियुक्त अधिकारीले यस अवधीमा नेपाली सेनाको विभिन्न पदमा बहाल रही जिम्मेवारी निर्वाह गर्दै आएको अनुभव छ ।

विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिमबाट सुसज्जित अधिकारी गोरखा दक्षिणबाहु चौथाबाट सुशोभित हुनुहुन्छ ।

त्यसैगरी नेपाल सरकार मन्त्रीस्तरको मिति २०७१।०८।०८ को अर्को निर्णयअनुसार शंकरदेव क्याम्पसका क्याम्पस प्रमुख श्री प्रकाश सिंह प्रधानलाई कर्मचारी सञ्चय कोषको सञ्चालक पदमा नियुक्त गरिएको छ । कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४(२)(ग) बमोजिमको व्यवस्था अनुसार सोही ऐनको दफा ४(५) बमोजिम निजलाइ कोषको सञ्चालक समितिमा नियुक्त गरिएको हो ।

लामो समयदेखि प्राध्यापन पेशामा रहनु भएका प्रधान व्यवस्थापन विषयका विज्ञका रुपमा समेत परिचित हुनुहुन्छ ।

# ... सञ्चयकर्ताहरुका लागि सेयर आवेदन खुला

कर्मचारी सञ्चय कोष मुख्य ऋण लगानीकर्ता रहेको अपर (माथिल्लो) तामाकोशी जल विद्युत आयोजनाको साधारण सेयर कोषका सञ्चयकर्ताहरुका लागि आह्वान पत्र जारी भइसकेको छ । आह्वान पत्रमा सम्झौता पत्रमा उल्लेख भए बमोजिम ऋण सम्झौता हुँदाका बखत  अर्थात मिति २०६७। ०४। १४ सम्म कर्मचारी सञ्चय कोषमा रकम जम्मा रहेका सञ्चयकर्ताहरु यस सेयर वितरण कार्यक्रममा सहभागी हुनसक्ने छन् । सेयर निष्काशन खुला मिति २०७१ फागुन ११ गते देखि निष्काशन बन्द हुने मिति छिटोमा २०७१ फागुन २५ र ढीलोमा २०७१ चैत्र १५ गते सम्म बैकिंग समयभित्र तोकिएको छ । सेयर आवेदन गर्न चाहने सञ्चयकर्ताहरुले अनिवार्य रुपमा कर्मचारी सञ्चय कोषबाट जारी गरिएको परिचय पत्रको प्रमाणित प्रतिलिपि र नेपाली नागरिकताको प्रतिलिपि आवेदन फारामका साथ पेश गर्नुपर्ने छ, भने फारममा उल्लेखित कोष्ठकमा परिचयपत्र नम्बर उल्लेख हुनुपर्ने छ । मिति २०६७.४.१४ सम्म कोषमा जम्मा रहेको तर सो मिति पश्चात भुक्तानी लिई सक्कल परिचयपत्र कोषमा बुझाइसकेका सञ्चयकर्ताहरुले भने कोष कार्यालयबाट सञ्चयकर्ता भएको प्रमाणित पत्र दरखास्त फारमसाथ पेश गर्नुपर्ने छ । सञ्चयकर्ताहरुले मिति २०७१ माघ २९ गतेको गोरखापत्र तथा कान्तिपुर दैनिकमा प्रकाशित आह्वानपत्रमा उल्लेखित नागरिक लगानी कोष, नयाँ बानेश्वर, एनसीएम मर्चेन्ट बैंकिंग, कमलपोखरी र राष्ट्रिय बाणिज्य बैंकका शाखा कार्यालयहरुबाट आवेदन फारम प्राप्त गर्नुका साथै रकम जम्मा गर्नसक्नु हुने छ । सेयर आवेदक सञ्चयकर्ताले न्युनतम ५० कित्ता र अधिकतम ५००० सेयरका लागि प्रति साधारण सेयर बापत रु.१००/- का दरले आवेदन गर्न सक्नु हुने छ । सेयर आवेदनका लागि थप जानकारी आवश्यक भएमा कोषको website:www.epfnepal.com.np मा हेर्न सकिने तथा कोषको ठमेलस्थित कार्यालय, सञ्चयकर्ता सेवा केन्द्र सिंहदरवार र धनकुटा, विराटनगर, हेटौडा, पोखरा, बुटबल, कोहलपुर, सुर्खेत वा धनगढी शाखामा सम्पर्क राख्न सकिने छ ।

## कोष समाचार

### शैक्षिक सापटीको विस्तार



हाल सञ्चयकर्ता कर्जा तथा असुली विभाग काठमाडौंबाट प्रवाह गरिँदै आएको शैक्षिक सापटी शाखा कार्यालय विराटनगर, हेटौडा, बुटवल र धनगढीबाट समेत प्रवाह सुरु गरि एको छ । कोषद्वारा पुष ३० गते जारी परिपत्र नं ९५८ अनुसार जिल्लास्थित शाखा कार्यालयबाट प्रवाह हुने यो सेवा यही माघ १ गतेदेखि सुरु गरिएको हो ।

कोषले सञ्चयकर्ता स्वयं वा सञ्चयकर्ताको पति/पत्नी/छोरा/छोरीलाई उच्च शिक्षा अध्ययन गर्नका लागि २०५८ सालदेखि शैक्षिक सापटी सुविधा प्रदान गर्दै आएको छ ।

### सञ्चयकर्तालाई मुनाफा वितरण

कर्मचारी सञ्चय कोषले कोषका सञ्चयकर्ता कर्मचारीको आर्थिक वर्ष २०७०/७१ को सञ्चय कोष सुरु मौज्दातमा ०.८५ प्रतिशतका दरले मुनाफा दिने निर्णय गरेको छ। कोष सञ्चालक समितिको मिति २०७१।९।२२ को बैठक नं १४३६ को निर्णय अनुसार सो मुनाफा बाँडफाँड गरिएको हो ।

कोषको आव २०७०/७१ को लेखापरीक्षण पश्चात उक्त आर्थिक वर्षमा आर्जन गरेको नाफाबाट सञ्चयकर्ताहरुको २०७० श्रावणमा रहेको शुरु मौज्दात रकममा ०.८५ प्रतिशतका दरले मुनाफा रकम जम्मा गरिसकेको छ ।

२०७० साल श्रावणदेखि नोकरीबाट अवकाश भएर सञ्चय कोष रकम भुक्तानी लगी सकेका सञ्चयकर्ताहरुलाई समेत उक्त मुनाफा रकम प्रदान गरिने कोषले जनाएको छ । भुक्तानी लगीसकेका सञ्चयकर्ताहरुलाई कोषको ठमेलस्थित कार्यालय, सिंहदरवार सेवा केन्द्र र कोषको जिल्लास्थित शाखा कार्यालयहरुमा सम्पर्क राखी मुनाफा रकम भुक्तानी लिन समेत कोष अनुरोध गर्दछ ।

## कोष प्रवक्ताको नियुक्ती



सञ्चालक समितिको बैठक नं १४२१ बाट स्वीकृत सुशासन निर्देशिका २०७१मा संचयकर्ता तथा सरोकारवालालाई सूचना संप्रेषण गर्न प्रवक्ताको व्यवस्था भए अनुरुप मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागका विभागीय प्रमुख श्री राजेन्द्र काफ्लेलाई कोषको प्रबक्ता तोकिएको छ ।

# कोषमा आवद्ध हुन औद्योगिक मजदुरलाई आग्रह

कर्मचारी सञ्चय कोष हेटौडा शाखाले हेटौडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयसँगको समन्वयमा हेटौडा औद्योगिक क्षेत्रभित्र स्थापित उद्योग प्रतिष्ठानमा कार्यरत मजदुरहरुलाई सञ्चयकोषको दायरामा ल्याउनका लागि अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको छ ।

गत पौष १८ गते हेटौडामा आयोजित सो कार्यक्रममा कोषका नायब मुख्य अधिकृत बीरेन्द्र मोहन भट्टराईले कोषमा आवद्ध भई कोषबाट प्रदान भइ आएको सेवा तथा सुविधा उपभोग गर्न उपस्थित उद्योग प्रतिष्ठानका प्रतिनिधि तथा मजदुरहरुलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा हेटौडा शाखा कार्यालयका प्रमुख बरिष्ठ प्रबन्धक ओमकृष्ण श्रेष्ठले कोषबाट प्रवाह हुँदै आएका सेवाहरुबारे प्रकाश पार्नु भएको थियो । उहाँले औद्योगिक क्षेत्रभित्र स्थापित अधिकांश उद्योग तथा प्रतिष्ठानहरु कोषको दायराभित्र समेटिएको भए पनि अझै केही प्रतिष्ठानहरु समेटीन बाँकी भएकोले उनीहरुलाई दायरामा आउन आग्रह गर्नु भयो ।

औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका व्यवस्थापक दिलिप कुमार श्रेष्ठले सञ्चय कोषमा रकम जम्मा गर्दा औद्योगिक क्षेत्रमा कार्यरत कामदारहरुको हित मात्र नभइ उद्योग प्रतिष्ठानका मालिकहरुको समेत हित हुने भएकोले आफ्ना कामदारहरुको सञ्चय कोष व्यवस्थापन गर्न सम्बन्धित उद्यमीहरुलाई आह्वान गर्नु भयो ।

हेटौडा उद्योग संघका अध्यक्ष ऋषिराम घिमिरेले कोषले आयोजना गरे को कार्यक्रमको निरन्तरताको कामना गर्दै कोषको दायरामा नआएका उद्योग एवं प्रतिष्ठानहरुलाई कोषमा सहभागी गराउन प्रयास गरिने बताउनु भयो ।

कोषले आफ्ना सञ्चयकर्ताहरुका लागि कोष कट्टी रकम सञ्चितिका साथै सापटी, घर कर्जा, शैक्षिक कर्जा, सरलचक्र कर्जा र विभिन्न सामाजिक सुरक्षण सुविधाहरु दूर्घटना क्षतिपूर्ति, काजक्रिया खर्च, औषधोपचारका कार्यक्रम लागु गर्दै आएको छ ।



# पोखरा शाखाबाट शैक्षिक सापटी

कर्मचारी सञ्चय कोष, पोखरा शाखाले माघ १ गतेदेखि शैक्षिक सापटी वितरण सुरु गरेको छ । यसअघि कोषको उक्त कार्यक्रमलाई लिएर स्थानीय सञ्चार माध्यमहरुले प्रमुखताका साथ समाचार प्रवाह गरेका थिए ।

शैक्षिक सापटी सुविधा अन्तर्गत सञ्चयकर्ताले आफू वा श्रीमती वा छोरा छोरीको एमबीबीएस र एमडी विषयको अध्ययनका लागि २५ लाख र अन्य विषयको अध्ययनका लागि विदेशको हकमा २० लाख र स्वदेशको हकमा १० लाख रुपैयाँ प्राप्त गर्न सक्छन् ।

यो सुविधा प्राप्त गर्न सञ्चयकर्ताको न्युनतम दुई वर्ष वा सो भन्दा बढी अवधीको कोष कट्टी र कम कोषमा जम्मा भइसकेको हुनुपर्छ । उमेर वा पदावधिको आधारमा अवकाश हुन ३ वर्ष सेवा अवधि बाँकी रहेका सञ्चयकर्ताहरुले पनि यो सापटी सुविधा प्राप्त गर्न सक्छन् । सापटी प्राप्त गर्नका लागि कर्मचारी वा परिवारका एक सदस्यको नाममा रहेको घरजग्गा धितो राख्नुपर्ने पोखरा शाखाका प्रमुख बरिष्ठ प्रबन्धक विष्णु पौडेलले बताउनुभयो । पौडेलका अनुसार हाल सापटी प्रयोजनका लागि सञ्चयकर्ताले पोखरा उपमहानगरपालिका, लेखनाथ र शुक्ला गण्डकी नगरपालिका क्षेत्रमा रहेको घरजग्गा धितो राख्न सक्ने छन् । १५ वर्ष अवधी रहेको यस सुविधाको उपभोग गर्ने सञ्चयकर्ताले नियमित त्रैमासिक रुपमा ब्याज र साँवाको भुक्तान गर्नुपर्ने हुन्छ । सापटीको प्रवाह तथा असुली प्रकृयाको बारेमा प्रडक्ट परिचयमा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

**सञ्चयकर्ताको परिचय :**
नामः कृष्ण कुमार चन्द
कार्यालयः महानगरिय प्रहरी बृत, महाराजगञ्ज
परिचयपत्र नम्बरः ४४६१७०
ठेगानाः बुढानिलकण्ठ-५, काठमाण्डौ ।



**१ तपाई कहिलेदेखि सेवामा कार्यरत हुनुहुन्छ ?**
२०५४ सालदेखि म नेपाल प्रहरीको सेवामा कार्यरत छु ।

**२ कोषबाट प्रदान भइरहेको सेवा सुविधाबारे तपाइलाई के थाहा छ ?**
सञ्चित कोषबाट ९० प्रतिशत सापटी लगायत घर, शिक्षा र सरल कर्जा कार्यक्रमको बारेमा मलाइ थाहा छ । जसमध्ये केही कार्यक्रममा म आफै पनि सहभागी हुँदै आएको छु ।

**३ तपाई अहिले कुन सेवा लिन कोषमा आउनु भएको हो ?**
म अहिले घर बनाउने प्रयोजनका लागि घर सापटी लिन कोषमा आएको हुँ ।

**४ यो सुविधा लिन तपाइले कत्तिको सहज अथवा कठिनाई अनुभव गर्नु भएको छ ?**
घर सापटी लिन मैले कुनै कठिनाई महशुस गरेको छैन । विभागका कर्मचारी साथीहरु सबै सहयोगीनै हुनुहुन्छ । सहज रुपमा सेवा प्राप्त भइरहेकाले खासै गुनासो पनि छैन ।

**५ सहज वा कठिनाई कसरी भयो ?**
सेवालाई सहज बनाउन तोकिएको प्रकृयाले गर्दानै सेवा प्राप्त गर्न सहज भएको हो । स्पष्ट रुपमा तोकिएका कागजपत्र बुझाएपछि प्रकृया अगाडि बढने हुँदा घर सापटी लिन खासै गाह्रो अनुभव गरिएन ।

**६ कर्मचारीहरु कत्तिको सहयोगी छन् ?**
प्रायः कर्मचारी साथीहरु सहयोगीनै हुनुहुन्छ । हामीले सापटी बारेमा जान्न बुझ्न खोजेको कुरा उहाँहरुबाट स्पष्ट रुपमै आएको छ जस्तो लागेको छ ।

**७ यो सुविधालाई सहज बनाउन कोषले थप व्यवस्था के गर्नु पर्ला ?**
सापटी प्राप्त गर्न प्रकृयागत समय व्यवस्थापनमा ध्यान दिन सके अझ राम्रो हुने थियो । कम्प्युटरसँग सम्बन्धीत सेवालाई फाइलिंग व्यवस्थापनसँग एकिकृत तुल्याउन सकेमा हामी सेवाग्राहीहरुले झन प्रभावकारी सेवा प्राप्त गर्न सक्छौ जस्तो लाग्छ ।

**८. कोषका अन्य सेवा सुविधाबाट तपाइ सन्तुष्ट हुनुहुन्छ ?**
कर्मचारी भएकाले होला कोषबाट प्रदान गरिने सेवामा व्याज बढी भएको अनुभव छ । कर्मचारी सुविधा वापतका कार्यक्रम भएकाले बजारको भन्दा अझ न्युन ब्याजदर हुनसके कर्मचारीहरु बढी नै सन्तुष्ट हुन सक्ने अवस्था छ । ●

## कोषमा आबद्ध हुन चाहने संघ/संस्था तथा कार्यालयहरुले अपनाउनु पर्ने प्रक्रिया

**सञ्चय कोष रकम कर्मचारी सञ्चय कोषमा जम्मा गर्न सम्बन्धित संस्थाको संचालक समितिले नीतिगत निर्णय गर्नु पर्दछ ।**

**देहायका कागजात सहित कोषको कुनै पनि कार्यालयमा सम्पर्क गर्नु पर्दछ ।**

- **कार्यालयको अनुरोध पत्र**
- **संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि**
- **कर्मचारी तथा कामदारको तीनपुस्ते नामावली**
- **संस्था संचालनको इजाजत पत्र र दर्ता प्रमाण पत्र**
- **भ्याट वा पानमा दर्ता भएको प्रमाण पत्र**
- **सञ्चय कोष रकम कर्मचारी सञ्चय कोषमा जम्मा गर्ने सम्बन्धमा कोष र सम्बन्धित संस्थाबीच सम्झौता गर्नु पर्दछ ।**
- **सम्झौतापछि कोषबाट कार्यालय कोड नम्बर र सञ्चयकर्ता परिचय पत्र नम्बर उपलब्ध हुने छ ।**
- **कोषसंग सम्झौता गर्ने कार्यालयले नियमानुसार मासिक कोषकट्टी रकम अनिवार्य रुपमा कोषमा जम्मा गर्नु पर्दछ ।**



# सञ्चयकर्ता शैक्षिक सापटी

## परिचय



कर्मचारी सञ्चय कोषले सञ्चयकर्ता स्वयम वा निजको पति/पत्नी/छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्नमा सहयोग पुगोस भन्ने उद्देश्यले सञ्चयकर्ता शैक्षिक ऋण सापटी २०५८ लागु गर्दै आएको छ । उक्त कार्यक्रमलाई व्यवस्थित गर्न कोषले सञ्चयकर्ता सापटी कार्यविधि २०७० लागु गरी तोकेको क्षेत्रमा घर जग्गा धितो लिई शैक्षिक सापटी प्रवाह गर्दछ। न्युनतम १०+२ उत्तिर्ण गरेका सञ्चयकर्ता वा निजको पति/ पत्नी वा छोरा/ छोरीलाई जुनसुकै विषयमा स्नातक वा सो भन्दा माथि स्वदेश तथा विदेशमा अध्ययन गर्न शैक्षिक सापटी प्रदान गरिन्छ ।

### शैक्षिक सापटी प्राप्त गर्न सक्ने सञ्चयकर्ता

- कम्तिमा २ बर्षसम्म नियमित कोष कट्टी भएको ।
- उमेर वा पदावधिको आधारमा ३बर्ष सेवा अवधि बाँकी भएको ।
- पति र पत्नी दुवै जना सञ्चयकर्ता भइ एउटै धितो मूल्यांकनले खाम्ने अवस्थामा दुई जनासम्मको अध्ययनका लागि अलग अलग शैक्षिक सापटी प्रवाह हुन सक्ने ।
- सरल चक्र कर्जा नलिएको वा सो कर्जा चुक्ता गरिसकेको र घर सापटी लिएका सञ्चयकर्ताहरुले सो घर सापटीको किस्ता नियमित गरेमा पनि शैक्षिक सापटी प्राप्त गर्न सक्ने ।

### शैक्षिक सापटीको सीमा

- धितो मूल्यांकनले खामेसम्मको रकम वा विश्व विद्यालयमा लाग्ने वास्तविक खर्च मध्ये जुन कम हुन्छ सोमा नबढने गरी एम.वि.वि.एस र एम.डी. विषयको अध्ययनका लागि पच्चीस लाख रुपैयाँसम्म र अन्य विषयको अध्ययनका लागि विदेशमा बीस लाख र स्वदेशमा दश लाख रुपैयाँसम्म प्रदान गर्न सकिने ।
- एक लाख रुपैयाँ भन्दा कम शैक्षिक सापटी प्रदान गरिने छैन ।

### शैक्षिक सापटीको अवधि

- ग्रेस अवधि ३ बर्ष सहित बाँकी सेवा अवधिको आधारमा अधिकतम १५ वर्ष हुनेछ ।
- उमेर वा पदावधिको आधारमा ३ वर्ष सेवा अवधि बाँकी भएका सञ्चयकर्तालाई सापटी प्रदान गर्दा ग्रेस अवधि प्रदान गरिने छैन ।

### शैक्षिक सापटीको ब्याज र भुक्तानी प्रक्रिया

- ऋणीले ब्याज त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्त भित्र भुक्तानी गर्नुपर्ने छ ।
- ग्रेस अवधि पश्चात निर्धारित अवधि भित्र ब्याज भुक्तानी नगरेमा तोकिएको दरमा वार्षिक १ प्रतिशत थप ब्याज लाग्ने छ ।
- एक आर्थिक वर्षको भाका नाघेको ब्याजमा अर्को आर्थिक वर्ष प्रारम्भ भएपछि नियमित ब्याजका साथै थप ब्याज समेत लाग्ने छ ।
- ग्रेस अवधि भित्र सावाँको २५ % प्रतिशत र लागेको ब्याज बुझाउन सकिने छ ।
- ग्रेस अवधि भित्र २ % भन्दा बढी सावाँ बुझाएमा वा सम्पूर्ण ऋण चुक्ता गरेमा २५% भन्दा बढी सावाँ बुझाएको रकममा १ प्रतिशत थप अतिरिक्त शुल्क लाग्ने छ ।
- शैक्षिक सापटीको चुक्ता गर्नुपर्ने अवधि अगावै सेवावाट अलग भएमा ऋण अवधि एक वर्ष भन्दा कम छ भने सोही अवधि र एक वर्ष भन्दा वढी ऋण अवधि बाँकी रहेमा एक वर्ष अवधि कायम गरी ऋणको सावाँ ब्याज चुक्ता गर्नुपर्ने छ ।
- ग्रेस अवधिमा ब्याज चुक्ता नभएमा ब्याज पुँजिकृत हुनेछ ।

### शैक्षिक सापटीको सुरक्षण

- सञ्चयकर्ताले कोषले तोकेको क्षेत्रको कोषलाई मान्य हुने अचल सम्पत्ति कर्जाको सुरक्षणका लागि उपलब्ध गराउनु पर्ने छ ।
- सुरक्षण दिँदा निवेदकले आफनो वा एकाघरको सदस्यको नाममा रहेको घरजग्गा कोषको नाममा दृष्टिबन्धक पारित गरी दिनु पर्ने छ ।
- सञ्चयकर्ताले लिएको शैक्षिक सापटी र सो मा लाग्ने ब्याज पूर्ण रुपमा चुक्ता भएपछि मात्र कोषमा धितो रहेको घरजग्गा फुकुवा हुने छ ।
- कोषले तोकेको महानगरपालिका, उपमहानगरपालिक तथा नगरपालिकाभित्र तथा सोसंग जोडिएको गा.वि.स.हरुमा कम्तिमा दुई आना दुई पैसा वा पाँच धुर र अन्य गा.वि.सको हकमा चार आना वा साढे सात धुर भन्दा कम जग्गामा सापटी प्रदान गरिने छैन ।
- कोषमा धितो रहने घरजग्गासम्म पुग्ने बाटोको हकमा काठमाण्डौ उपत्यकाभित्र न्यूनतम ८ फिट र उपत्यका बाहिरका शाखा कार्यालयको क्षेत्र भित्र न्यूनतम १० फिटको बाटो हुनु पर्दछ ।
- धितो राखिने घर जग्गाको संरचनागत रुपमा स्पष्ट सिमांकन गरिएको हुनुपर्नेछ ।

### धितोको मूल्यांकन

- घर /अपार्टमेन्टको कोषले निर्धारण गरेको दर रेट बमोजिम मूल्यांकन हुने ।
- घर, अपार्टमेण्ट खरिद बिक्री गर्ने सरकारी/निजी कम्पनीले निर्धारण गरेको लागत खर्चभन्दा बढी रकम ऋणबापत प्रदान गरिने छैन ।
- जग्गाको हकमा सरकारी मूयको ४० % र बजार मुल्यको ६० % का दरले मूल्यांकन हुने छ ।

क्रमश :

- धितो मुल्यांकन गर्दा हाइटेन्सन नजिक नदि नाला, खोला, भीरपाखा आदिमा नभएको तथा डिप्रेस ल्याण्डलाई मूल्यांकनमा समावेश गरिने छैन ।
- जग्गाको बट्टा मूल्य (Distress value) र घरको मूल्यको यो गमा कम्तिमा ४० प्रतिशत मार्जिन राखी घरजग्गाको बास्तविक मूल्यांकन कायम गरिने छ ।
- दुई वा सो भन्दा बढी सञ्चयकर्ताको कोष कट्टी रकम धनजमानी राखेर पनि कुनै सञ्चयकर्तालाई शैक्षिक सापटी प्रदान गर्न सकिने छ । यसरी सापटी प्रदान गर्दा ऋण लिन चाहने सञ्चयकर्ता तथा धनजमानी बस्ने सञ्चयकर्ताको कोष कट्टी खातामा जम्मा भएको कुल रकमको ८० प्रतिशतसम्म शैक्षिक सापटी प्रवाह हुने छ ।

बीमाः

- ऋणीले सम्पूर्ण जोखिम व्यहोर्ने गरी कोषले तोकेको बीमा कम्पनीबाट घर वा अपार्टमेण्टको बिमालेख कोषको नाममा खरिद गर्नुपर्ने छ ।
- ऋणीले बीमालेख वार्षिक रुपमा नवीकरण गरी कोषमा पेश गर्नुपर्ने छ ।

**मूल्यांकन शुल्क ,सेवा शुल्क र अन्य खर्च**

- शैक्षिक सापटी लिने सञ्चयकर्ताले सेवा शुल्क बापत रु ५००/- कोषमा बुझाउनुपर्ने छ ।
- धितोको लागि राखिने घर जग्गाको मूल्यांकनका लागि तीन हजार रुपैयाँ (मु.अ.कर बाहेक) मूल्यांकनकर्तालाई सञ्चयकर्ताले बुझाउनु पर्ने छ ।
- कोषको कार्यालय रहेको जिल्ला र उपत्यका बाहेक अन्य जिल्लामा गई मूल्यांकन गर्दा थप एक हजार रुपैयाँ लाग्ने छ ।
- सञ्चयकर्ताको धितो रहने जग्गा वा घरजग्गा वा अपार्टमेण्टको मूल्याँकन गर्ने प्रयोजनका लागि अन्य जिल्लामा जानुपर्ने भएमा मूल्याँकनकर्ताको यातायात खर्च सम्बन्धित सञ्चयकर्ताले ब्यहोर्नु पर्नेछ ।

**दृष्टिबन्धकी पारित गर्नुपर्ने**

- सञ्चयकर्ताले दिएको धितो मालपोत कार्यालयमा गई कोषका नाममा दृष्टिबन्धक रजिस्टेशन पास गर्नु पर्छ । दृष्टिबन्धक पास गर्नको लागि अचल सम्पत्तिको धनीपूर्जा, चालु आर्थिक वर्षको मालपोत तिरेको रसिद, नागरिकताको प्रमाणपत्र, कोषले प्रदान गरेको परिचय पत्र लगायतका कागजात सक्कलै लिइ निवेदक र धितो दिने व्यक्ति को षमा उपस्थिति हुनुपर्छ ।

**फिर्ता भुक्तानी तथा असुली प्रक्रिया**

- ऋणीले सापटी फिर्ता भुक्तानी गर्न कोषको ठमेलस्थित हिमालयन बैंकमा रहेको कोषको खाता नं ०१९०००२२९८०१०८ र कोषको पुल्चोक स्थित कम्पाउण्डमा रहेको Nepal Investment Bank मा रहेको कोषको खाता नं ००४०१०१०२५४३७३ मा सोही बैंक वा उल्लेखित बैंकहरुको जुनसुकै शाखा कार्यालयहरुमा रकम बुझाइ भौचरको प्रतिलिपी कोषमा पठाउन सकिने छ ।
- सञ्चयकर्ता वा निजको प्रतिनिधिले सापटी बुझाउने बैंक भौचर ठमेलस्थित असुली विभाग वा घर सापटी लागू भएका जिल्लास्थित कोषको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।
- बिशेष सापटी बापत प्राप्त हुने रकम शैक्षिक सापटीमा रकमान्तर गर्न सकिने छ ।

**ऋणको लागि पेश गर्नु पर्ने कागजातहरु**

क) कोषको परिचय पत्रको प्रतिलिपि

क) कोषले निर्धारण गरेको दरखास्त फारममा सम्बन्धित कार्यालयको प्रमाणित सिफारिस पत्र ।

ख) रजिष्ट्रेशन पास गरेको कागजातको स्वामित्व खुल्ने कागजातको प्रतिलिपि

ग) धितो राखिने जग्गाको लालपुर्जा र चालु आवको मालपोप तिरेको रसिदको प्रतिलिपि/नयाँ नापी भएको भए श्रेस्ता अद्यावधिक भएको हुनुपर्ने ।

ग) घरको सम्बन्धित निकायबाट नक्सा पास भएको पत्र, नक्साको प्रतिलिपि ।

घ) जग्गाको फिल्ड नक्सा ( BLUE PRINT) र चारैतर्फको कित्ता उल्लेख भएको प्रमाणित सक्कल ट्रेस पेपर ।

च) सञ्चयकर्ता र अध्ययन गर्न जाने ब्यक्तिको नाता प्रमाणित पत्र ।

छ) जग्गाधनी र निवेदकबीचको नाता प्रमाणित पत्रको प्रतिलिपी ।

ज) सञ्चयकोषले तोकेको बीमा कम्पनीबाट घरको बीमा गरेको पत्र ।

झ) जग्गाधनीको नागरिकताको प्रतिलिपि ।

झ) चार किल्ला खुलेको सक्कलै पत्र (न.पा भित्र भए वडा कार्यालयको/गा.वि.स.भित्र भए गा.वि.स.को बाटोको चौडाई समेत खुलेको पत्र) ।

ञ) अध्ययन गर्ने कलेजवाट अध्ययन गर्न स्वीकृत दिएको पत्र तथा अध्ययन गर्दा लाग्ने खर्चको विवरण ।

ट) पासपोर्टको प्रतिलिपि ।

ठ) विदेशमा अध्ययन गर्नको लागि स्वीकृत भीसा सम्बन्धी कागजातको प्रतिलिपि ।

ड) एस.एल.सी र १०+२ वा सो सरह वा सो भन्दा माथि उत्तीर्ण गरेको मार्कसिट र क्यारेक्टर सर्टिफिकेटको प्रतिलिपी ।

ढ) जग्गाधनी, सञ्चयकर्ता र अध्ययन गर्ने विद्यार्थीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

त) निवेदकको सेवा अवधि खुलेको पत्र ।

थ) विद्यार्थीको कबुलियतनामा ।

द) (धनजमानी राखी शैक्षिक सापटी लिएको अवस्थामा ) धनजमानी बस्ने मञ्जुरनामा, सञ्चयकर्ताको नागरिकताको प्रतिलिपि, कोष परिचय पत्रको प्रतिलिपि साथै कोष जम्मा भएको विवरण पेश गर्नुपर्ने छ ।

**विविध**

- ऋण लिन चाहने सञ्चयकर्ताले कोषले तोकेको ढाँचाको ऋण दरखास्त फाराम सम्बन्धित् कार्यालयबाट सिफारिस गरी पेश गर्नुपर्ने ।
- मालपोत कार्यालयमा दृष्टिबन्धक धितो पास गर्दा वा रोक्का राख्दा कुनै शुल्क लाग्ने भएमा निवेदक स्वयमले त्यस्तो शुल्क ब्यहोर्नुपर्ने छ ।
- शैक्षिक सापटी स्वीकृति भएको मितिले ६ महिनाभित्र लिनुपर्नेछ ।
- ग्रेस अवधि भित्र पनि ब्याज लाग्ने छ ।
- एकाघरको सदस्य भन्नाले सञ्चयकर्ताको सगोलको वावु, आमा, पति, पत्नी, छोरा, अविवाहित छोरी तथा विवाहित महिलाको हकमा सासु ससुरालाई सम्झनु पर्दछ ।
- शैक्षिक सापटी लिने र जमानी बस्ने दुवै सञ्चयकर्ताको कोषकट्टी रोक्का रहनुका साथै शैक्षिक ऋण चुक्ता नहुञ्जेल ऋणी र जमानी बस्ने दुवैले बिशेष सापटी पाउने छैन ।

–●–

# अपर तामाकोशी हाइड्रोपावर लि.ले जारी गरेको साधारण शेयर आवेदनमा सहभागी हुने सम्बन्धमा कर्मचारी सञ्चय कोषको सूचना

कर्मचारी सञ्चय कोष, नेपाल विद्युत प्राधिकरण र अपर तामाकोशी हाइड्रोपावर लि.बीच सम्पन्न भएको ऋण सम्झौता एवम् कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए अनुरुप कम्पनीको तर्फबाट निष्काशन अवधि खोली मिति २०७१/१०/२९ को गोरखापत्र तथा कान्तिपुर दैनिकमा आव्हान पत्र प्रकाशित भइसकेकोले सञ्चयकर्ताको हिततथा सुविधा कायम गर्न कोष मुख्य ऋण लगानीकर्ता रहेको अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको साधारण शेयर मा आवेदन गर्न इच्छुक सञ्चयकर्ताको अधिकतम सहभागीताको लागि देहाय बमोजिमको जानकारी सहितको यो सूचना प्रकाशित गरिएको छ :

(क) शेयर आवेदनकालागि सञ्चयकर्ताको मिति २०६७/०४/१४ सम्म कोषमा रकमजम्मा रहेको हुनुपर्ने ।

(ख) शेयर आवेदन फारममा सञ्चयकर्ताले परिचयपत्र नम्वर अनिवार्य रुपमा राखी स्वयंले दस्तखत गरी देहायका कागजातहरु संलग्न गर्नुपर्ने :

- कार्यरत रहेको कार्यालयको कार्यालय प्रमुखले प्रमाणित गरको कोषको परिचयपत्रको प्रतिलिपी, वा कोष कार्यालयबाट प्रमाणित पत्र (मिति २०६७/०४/१४ सम्म कोषमा रकम जम्मा रहेको तर सो मिति पश्चात भुक्तानी लिई सक्कल परिचय-पत्र कोषमा बुझाइ सकेका सञ्चयकर्ताको हकमामात्र)
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(ग) न्यूनतम ५० र अधिकतम ५००० कित्ता शेयरका लागि आवेदन गर्न सक्ने,

(घ) आवेदन फारम बुझाउने स्थान लगायत अन्य आवश्यक सूचनाहरु मिति २०७१/१०/२९को गोरखापत्र तथा कान्तिपुर दैनिकमा प्रकाशित आह्वान पत्रमा उल्लेख भए बमोजिम हुने,

(ङ) शेयर आवेदनका लागि थप जानकारी आवश्यक भएमा कोषको वेबसाईट www.epfnepal.com.np मा हेर्न सकिने साथै देहायका कोषका कार्यालय तथा फोन नम्बरहरुमा सम्पर्क गर्न सकिने :

ठमेल स्थित कार्यालय : ०१-४२२३३२०, ४२२५३९०,
सञ्चयकर्ता सेवा केन्द्र, सिहंदरवार : ०१-४२००४६६,

**शाखा कार्यालयहरु :**

- धनकुटा : ०२६-५२००४९,
- विराटनगर : ०२१-४७२७८४,
- हेटौंडा : ०५७-५२४३७७,
- पोखरा : ०६१-५२६८११,
- बुटवल : ०७१-५५१५१८
- कोहलपुर : ०८१-५४१२८२,
- सुर्खेत : ०८३-५२३०६६
- धनगढी : ०९१-५२०६९२

**सम्पादन समूह**

संयोजक
विभागिय प्रमुख श्री लक्ष्मीप्रसाद श्रेष्ठ

सदस्य
वरिष्ठ प्रवन्धक (अपरेसन) श्री रोचन श्रेष्ठ

सदस्य
बरिष्ठ प्रबन्धक श्री माधव कोइराला

सदस्य
बरिष्ठ प्रबन्धक श्री जीवनकुमार कट्वाल

सचिव
शाखा अधिकृत ओजस्वी गौतम

**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
फोन नं. : ०१ ५०१०१८०

लेआउट :
राजेन्द्रविक्रम केसी